# सम्मरीमाई गाउँपालिका

SAMMARIMAI RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

फरेना, रुपन्देही

FARENA, RUPANDEHI

लुम्बिनी प्रदेश नेपाल

Lumbini, Province Nepal

प.स./Ref No. २०८२/०८३

च.न./DispatchNo. ९५५२

मिति: २०८३/०२/२७

श्री बिषयगत शाखा (सबै),

श्री वडा कार्यालय (सबै),

श्री स्वास्थ्य संस्था (सबै),

श्री निर्माण व्यवसायी तथा उपभोक्ता समिति (सबै),

श्री सरोकारवाला संघ संस्था (सबै),

बिषय : चालु आ.व.२०८२/८३ को भुक्तानी तथा खाता बन्द हुने सम्बन्धमा ।

प्रस्तुत बिषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। SUTRA प्रणाली अन्तिम समयमा चाप बढी भई सर्भर डाउन हुने र SYSTEM नचल्ने अवस्था सिर्जना हुने तथा आ.व. को अन्तिम समयमा कार्यालयले कर दाखिला गर्ने, संघिय सरकार तथा प्रदेश सरकार लाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गर्नुपर्ने, सम्पूर्ण कारोबारको हिसाब मिलन गरि संघीय सरकार तथा प्रदेश सरकार लगायतको निकायमा प्रतिबेदन पठाउनुपर्ने हुदा यस गाउँपालिकाबाट संचालन हुने सम्पुर्ण योजना तथा कार्यक्रमको सबै प्रक्रिया पूरा गरी मिति २०८३/०३/१५ गते भित्र अनिवार्य रुपमा सम्पूर्ण कागजातहरु आर्थिक प्रशासन शाखामा पेश गर्नुहुन अनुरोध छ । मिति २०८३/०३/१५ गते भित्र पेश नहुने कार्यक्रम/योजना/भुक्तानी सम्बन्धि अन्य फाईल भुक्तानी हुन नसकेमा सोको जिम्मेवार कार्यालय नहुने व्यहोरा अनुरोध छ ।

राम सुवास गुप्ता
वरिष्ठ लेखा अधिकृत
(राम सुवास गुप्ता, लेखा अधिकृत (सातौं))

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत
(राजेश मल्लाह, प्रमुख प्रशासकीय अधिकृत)

Email:-sammarimairm@gmail.com
info@sammarimaimun.gov.np

Website:-sammarimaimun.gov.np
Office Phone No:-9779857016956